☆ ☆ ☆

# News Release

**American Center, Embassy of the United States**
Yak & Yeti Complex (West Wing), Kathmandu. Tel: 444-5577

**२०६४ असार २७**

## नयाँ अमेरिकी राजदूतावास समर्पित

काठमाडौं – प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको प्रमुख आतिथ्यमा आज यहाँ अमेरिकी राजदूत जेम्स एफ. मोरियार्टीले नयाँ अमेरिकी राजदूतावास औपचारिक रुपले समर्पित गर्नुभयो । उक्त अवसरमा प्रधानमन्त्री र राजदूतले रिबन काट्नुभयो र दियो बाल्नुभयो । यसका साथै प्रधानमन्त्रीले यो अवसरमा सांसद, सरकारी अधिकारीहरु, कुटनीतिज्ञ र अन्य गरी १५० अतिथिहरुलाई सम्बोधन गर्नुभयो ।

यस कार्यक्रमले नेपालस्थित अमेरिकी नियोग अर्न्तगतका सबै शाखाहरु - यूएस्एड, अमेरिकी केन्द्र तथा कन्सूलर शाखा एउटै छानामुनि ल्याएको संकेत गरेकोछ । यो नयाँ राजदूतावास अगस्ट महिनाको अन्तसम्ममा नयाँ राजदूत न्यान्सी जे. पावेलको नेतृत्वमा पूर्ण रुपले खुल्ने छ । नेपालमा आफ्नो तीन वर्षको कार्यकाल पूरा गरी राजदूत मोरियार्टी शुक्रवार फर्कंदै हुनुहुन्छ ।

सोर्ग एण्ड एसोशियट्स नामक वासिंगटनको कम्पनीले डिजाइन गरेको र अमेरिकी कम्पनी क्याडेल कर्पोरेशनद्वारा यस नयाँ राजदूतावास निर्माण गरिएको छ । नौ नेपाली कम्पनीहरु र टर्किस कम्पनि एन्का (ENKA) द्वारा प्रदत्त प्राविधिक र विशिष्ट सीपहरुमा विभिन्न विशेष तथा भूकम्प विश्लेषण र अन्य क्षमताहरु पर्दछन् । यस नयाँ दूतावासले एक करोड पचास लाख अमेरिकी डलर बराबरको योगदान नेपाली अर्थतन्त्रमा दिएको छ र नेपाली आपूर्तिकर्ता, ३०० नेपाली तथा १५० टर्किस कामदारहरु सहित ५०० जना कामदारले यसमा काम गरेका छन् । यसको निर्माणमा आठ करोड डलर भन्दा बढी खर्च लागेको छ । विदेश विभागको वैदेशिक निर्माण कार्यालयका कर्मचारीले प्राविधिक तथा दैनिक व्यवस्थापनको परिवेक्षण गरेका थिए ।

यस राजदूतावासको कूल क्षेत्रफल ६ एकर छ । मजबुत ढंगले निर्माण गरिएका यसका भवनहरुमा नेपालस्थित भवनहरु मध्ये सबैभन्दा धेरै भूकम्प प्रतिरोधात्मक क्षमता छ । यो परिसर वातावरण-मैत्रि छ । अमेरिकी सरकारको उर्जा प्रयोग र वातावरणसम्बन्धी मापदण्ड (Leadership in Energy and Environmental Design) अनुरुपका प्रविधिहरुको प्रयोग यस भवनमा गरिएको छ ।

####